# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून समूह, राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/१/२१

समय: ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. प्रत्यायोजित विधायनको प्रकृति उल्लेख गर्दै यसको औचित्य, महत्व र सीमाबारे प्रकाश पार्नुहोस्। प्रत्यायोजित विधायन व्यवस्थापनका चुनौती, अवरोध तथा कठिनाईहरूको पहिचान गर्दै तिनको समाधानका उपायहरूबारे विश्लेषण गर्नुहोस्। ७.५+७.५=१५

२. संवैधानिक निकाय, संवैधानिक संस्था, संवैधानिक आयोग वा संवैधानिक अंग जे-जस्ता नामबाट सम्बोधन गरिएको भएतापनि देशको मूल कानून संविधानद्वारा नै सृजना गरिएका त्यस्ता सरकारी निकाय हुन जुन निकायहरूको गठन, काम, कर्तव्य र अधिकार सिधै संविधानबाट व्यवस्था गरिएको हुन्छ। त्यस्ता निकायको लागि यति कठिन व्यवस्था मूल कानूनले गरेको हुन्छ कि सामान्य कानून संशोधन गरे सरह ती निकायको काम, कर्तव्य, अधिकार र त्यसमा नियुक्त पदाधिकारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी कानूनमा परिवर्तन गर्न सकिदैन। यस्ता निकायहरूको कानूनमा अन्य कानूनको तुलनामा व्यवस्थापिकाबाट संशोधन गर्न गाह्रो हुन्छ। संविधानबाट सृजना गरेका यस्ता बलिया संवैधानिक निकायहरू कत्तिको कामयावी छन्? संविधानले अपेक्षा गरे अनुसार यस्ता अंगको गठन र सञ्चालन भएका छन् कि छैनन्? संविधानले व्यवस्था गरेका प्रत्येक निकायले असल ढंगले आफ्नो दायित्व निर्वाह गरेका छन् कि छैनन्? त्यसको लेखाजोखा गर्नु महत्वपूर्ण मानिन्छ।

नेपालको संविधान लागू भएको दश वर्ष पूरा भएर एघार वर्ष लागिसकेको छ। संविधान बृहत भएर व्यवस्था असल हुने होइन, शासकीय प्रकृति र शासकको प्रवृत्ति संवैधानिक मूल्य, मान्यता, संस्कृति र पवित्रतासम्मत हुनुपर्दछ। नेपालको संविधानको कार्यान्वयन संविधानवादको सिद्धान्त बमोजिम भएको छ कि छैन भनी बुझ्न पहिले संवैधानिक साक्षरता जनतामा कत्तिको छ, हेर्नुपर्ने हुन्छ। शासन सत्तामा बस्नेको शासन शैलीबाट संविधान कार्यान्वयन प्रभावकारी हुने नहुने भर पर्ने हुन्छ। असल संवैधानिक संस्कृतिले राज्य शक्तिको बाँडफाँट, प्रयोग र वितरणमा उच्च मूल्य मान्यताको अपेक्षा राख्दछ। संविधानवादको अभावमा कुनैपनि सरकारले वैधता प्राप्त गर्न सक्दैन। शक्तिपृथकीकरण र नियन्त्रण, न्यायिक पुनरावलोकन, स्वतन्त्र संवैधानिक अंगहरू, शक्ति विकेन्द्रीकरण जनताको भावना अनुकूल शासन सञ्चालन हुनु नै संविधानवादको मूल मर्म हो। नेपालमा संविधानको कार्यान्वयन संविधानवाद अनुरुप भएको छैन, जनतामा संवैधानिक साक्षरताको अभाव छ। शक्तिपृथकीकरण र नियन्त्रण, न्यायिक पुनरावलोकन, स्वतन्त्र संवैधानिक अंगहरू, शक्ति विकेन्द्रीकरण, नियन्त्रण र सन्तुलनको प्रभावकारिता देखिएको छैन, दण्डहीनता दिनदिनै बढ्दैछ, अपराधमा राजनीतिकरण र राजनीतिमा अपराधीकरण बढ्दो छ भन्ने यत्र तत्र सर्बत्र सुनिन्छ।

संविधानका धाराहरू कार्यपालिकाले क्षत-विक्षत पार्न खोज्छ, किनकी ऊ सबै अंगभन्दा बलियो बन्न चाहन्छ। कार्यपालिकाको प्रहारबाट संविधान र कानूनलाई जोगाउने समेत संवैधानिक दायित्व बोकेर स्थापना भएका नेपालका यस्ता संवैधानिक निकायहरू मध्ये केहीले आ-आफ्नो दायित्व निभाउन सकेका छैनन् भनिन्छ। हाल कायम रहेका संवैधानिक निकायहरू मध्ये कुन-कुन संवैधानिक निकायहरूले आफ्नो दायित्व निभाउन सकेका छैनन्? ती निकायहरूले आफ्नो दायित्व निभाउन नसक्नाका कारणहरू पत्तालगाई भविष्यमा गर्नुपर्ने सुधारको लागि सुझाब दिनुहोस्। २०

३. संस्थागत सुशासन (Corporate Governance) भन्नाले तपाईं के बुझ्नुहुन्छ? सीमित दायित्वको सिद्धान्त एकातिर छ भने अर्कोतिर कानूनी व्यक्ति (Legal person) को रूपमा संस्थापन (Incorporation) हुने पब्लिक कम्पनीको सञ्चालनको संस्थागत सुशासनको अवधारणा र सो को मान्यता प्राप्त सिद्धान्त अनुरूप हुने सुनिश्चितताको लागि कम्पनी ऐन, २०६३ ले गरेको नियन्त्रणमुखी व्यवस्थाले सो बाहिर गई सञ्चालन हुने कम्पनीको सञ्चालक तथा शेयर धनीको उत्तरदायित्व र जिम्मेवारीलाई सो ऐनले कसरी निर्धारण गरेको छ? कम्पनी ऐनको सीमा नाघी भएका काम कारवाहीका विरूद्ध मर्का पर्ने शेयरधनी वा कुनै व्यक्तिले प्राप्त गर्ने कानूनी उपचार के हुन सक्छ र त्यस्तो कानूनी उपचार कसरी प्राप्त गर्न सकिन्छ? यथार्थपरक प्रस्तुती दिनुहोस्। २+६+६+६=२०

४. अन्तर्राष्ट्रिय कानूनमा सन् १९२१ मा सम्पन्न वार्सिलोना कन्भेन्सनदेखि नै भूपरिवेष्ठित राष्ट्रहरूको पारवहन स्वतन्त्रतासम्बन्धी व्यवस्था हुँदै आएको हो। सन् १९५८ को सामुद्रिक स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले सबै राष्ट्रहरूलाई समुद्री मार्गद्वारा शान्तिपूर्ण अन्तर्राष्ट्रिय वाणिज्यसम्बन्धी कारोबार गर्ने स्वतन्त्रताको व्यवस्था गरेको थियो । सन् १९६५ को अर्को महासन्धिले पनि भूपरिवेष्ठित राष्ट्रका अधिकारलाई सुरक्षित गरेको छ । संयुक्त राष्ट्रसंघको सक्रियतामा सन् १९८२ मा भएको समुद्री कानूनसम्बन्धी महासन्धिले कुनैपनि भूपरिवेष्ठित राष्ट्रको अधिकार हनन भएमा त्यस्ता राष्ट्रले अन्तर्राष्ट्रिय न्यायिक निकायमा जानसक्ने अधिकार सुनिश्चित गरेको छ। उपरोक्त महासन्धि लगायतका अन्तर्राष्ट्रिय कानूनले भूपरिवेष्ठित राष्ट्रका पूर्ण अधिकारको व्यवस्था गरेतापनि व्यवहारमा यस्ता अधिकारको प्रयोग भूपरिवेष्ठित राष्ट्र र तटीय राष्ट्रबीच हुने द्विपक्षीय सन्धिहरूमा निर्भर हुने गर्दछ । भूपरिवेष्ठित राष्ट्रका अधिकारको उपयोगमा छिमेकी र सामुद्रिक तटीय राष्ट्रको भूमिका अहम् रहन्छ । त्यस्ता राष्ट्रले भूपरिवेष्ठित राष्ट्रका अधिकार कार्यान्वयनमा सहजीकरण गरेमा मात्र भूपरिवेष्ठित राष्ट्रले त्यस्ता अधिकारको उपयोग गर्न सक्ने अवस्था सृजना हुन्छ।

नेपाल भूपरिवेष्ठित राष्ट्रका अधिकारसम्बन्धी प्रायः सबै सन्धिहरूको पक्षराष्ट्र हुनुका साथै विश्व व्यापार संगठन जस्ता व्यापार स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरूको सदस्य भएको छ । यसका अलावा भूपरिवेष्ठित राष्ट्रका अधिकारको विषयमा हुने विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत भाग लिँदै आएको छ । यसरी नेपालले भूपरिवेष्ठित राष्ट्रका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनको विकासमा पनि योगदान दिन सफल भएतापनि भूपरिवेष्ठित राष्ट्रका अधिकारको पूर्ण उपयोग गर्न सकिरहेको अवस्था छैन।

प्रस्तुत सन्दर्भमा भूपरिवेष्ठित राष्ट्रले प्राप्त गर्नुपर्ने के-कस्ता अधिकारहरू नेपालले प्राप्त गरेको छ ? र के-कस्ता अधिकारहरूको उपयोगमा के-कस्ता व्यवधानहरूको सामना गर्नु परिरहेको छ? पहिचान गर्दै त्यस्ता व्यवधानहरू हटाउन नेपालले चाल्नुपर्ने ठोस कदमहरू सुझाउनुहोस्। साथै संयुक्त राष्ट्रसंघले हालै तर्जुमा गरेको र नेपालले हस्ताक्षर गरिसकेको उच्च समुद्रको सामुद्रिक जैविक विविधताको रक्षा गर्न सामुद्रिक जैविक विविधताको संरक्षण र उपयोगसम्बन्धी सन्धि (Convention on the Law of the Sea on the Conservation and Sustainable Use of Marine Biological Diversity of Areas Beyond National Jurisdiction (BBNJ)) बाट नेपालले हासिल गर्नसक्ने के-कस्ता लाभका आधारमा अनुमोदन गर्न उपयुक्त हुन्छ? स्पष्ट धारणा सहित विश्लेषण गर्नुहोस्। ५+५+५+५=२०

५. तपाईं कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको अन्तर्राष्ट्रिय कानून, सन्धि, सम्झौता महाशाखामा पारस्परिक कानूनी सहायता (Mutual Legal Assistance (MLA)) हेर्ने उपसचिवको रूपमा कार्यरत हुनुहुन्छ। भौगोलिक तथा राजनीतिक रूपमा फरक-फरक राष्ट्र रहे तापनि आर्थिक, सूचना प्रविधि, विश्वव्यापीकरण लगायतका कारणबाट विश्व हाल एक राष्ट्रको रूपमा रहेको छ। व्यक्तिहरू विभिन्न देशमा रहने, दोहोरो राष्ट्रियता, आर्थिक कारोबार, व्यापार आदि कारणबाट एक देशबाट अर्को देशमा जाने आउने क्रम रहेको छ। यसबाट एक देशमा अपराध गरी अर्को देशमा जाने क्रम बढ्दो छ। यसको रोकथामको लागि सपुर्दगी र MLA को प्रयोग बढीरहेको छ। नेपालमा पनि द्विपक्षीय सन्धिको माध्यमबाट MLA हुन सक्ने तर सन्धि नभएतापनि पारस्परिकताको आधारमा MLA दिन सकिने व्यवस्था पारस्परिक कानूनी सहायता ऐनमा रहेको छ।

नेपालले केही मित्रराष्ट्रसँग सन्धि गरेको भएतापनि अन्य राष्ट्रसँग पनि सन्धिको प्रयास गरेको छ । सम्पत्ति शुद्धीकरण (Anti money laundering) सम्बन्धी Mutual Evaluation मा नेपालले अन्य देशसँग MLA सन्धि गर्नुपर्ने विषय औंल्याएको छ। 'A' भन्ने मुलुकसँग नेपालको MLA सन्धि भएको छैन। कुनै 'W' भन्ने व्यक्तिसँगको आर्थिक विवादका सम्बन्धमा नेपालमा रहेको 'N' भन्ने व्यक्ति तथा विभिन्न अदालत र अड्डामा रहेको कागजातका सम्बन्धमा Reciprocal Basis मा रहने गरी कानूनी सहायता उपलब्ध गराउन अनुरोध गरेको पत्र तपाईंको लागि तोक आदेश भएर आएको अवस्था छ। तथापि शाखा प्रमुखको हैसियतले के-कस्तो कानूनी व्यवस्थाको आधारमा यसरी Reciprocal Basis मा MLA उपलब्ध गराउन उपयुक्त हुने वा नहुने सम्बन्धमा के-कस्तो नीति आवश्यक पर्छ र सो नीति कार्यान्वयन कसरी गर्न उपयुक्त हुन्छ? सुधारको कार्ययोजना प्रस्तुत गर्नुहोस्। ७+८+१०=२५

«« समाप्त »»